ज्यो. पं. प्राणनाथत्रिपाठिशर्मणा संस्थापितम्

खनागाभ्रनेत्र २०८० मितविक्रमाब्दस्य नेपालदेशीयम्

नेपालपञ्चाङ्गनिर्णायकविकाससमितिनिर्णीतगणितव्रतपर्वादिसहितम्

हिमाल-पञ्चाङ्गम्

राजा- बुधः मन्त्री- शुक्रः

वि.सं. २०८०

पञ्चाङ्गकर्ता-

पं. प्राणनाथतनुज पद्मनाभत्रिपाठि
सि. ज्यो. आचार्य पोखरा अर्घौं
पोखरा म.न.पा.-२६ बुढीबजार,
कास्की, गण्डकी प्रदेश, नेपाल
का.म.न.पा.-३२, कोटेश्वर
काठमाण्डौ, नेपाल
फो.नं. ०१-५१०००४२

श्रद्धापुष्पम्

येनाऽहं बहुपाठितोऽनवरतं त्रिस्कन्धकं ज्यौतिषं-
पञ्चाङ्गं प्रचलत्यदो बहुदिनाद्येनैव संस्थापितम् ।
स्वर्याते पितरि प्रसिद्धगणके श्रीप्राणनाथाभिधे
श्रद्धापुष्पसमर्पणं प्रकुरुते श्रीपद्मनाभः सुतः ॥

श्रीपद्मनाभतनुजः

डा. विश्वनाथत्रिपाठिफलितसिद्धान्त
ज्योतिषाचार्येण सम्पादितम् ।
डा. सन्तोषत्रिपाठिशर्मणा प्रकाशितम् ।

श्रीशालिवाहनीयशकः १९४५
ईसवीय सन् २०२३-२४
पिङ्गलनामसंवत्सरः ५१
श्रीनेपालसंवत् ११४३-४४
सृष्टितोगताब्दाः १९५५८८५१२४
कलेर्गताब्दाः ५१२४
पञ्चाङ्गस्थापिताब्दाः ७०

पोखरा म.न.पा.-२८, अर्घौंकालिकास्थान निवासी स्व. पं. प्राणनाथ-तनुज-पं. पद्मनाभत्रिपाठिशर्मणा विरचितम्

सूचनाः पञ्चाङ्ग खरिदगर्दा यसमा टाँसिएको सरस्वतीको चित्र भएको बहुरङ्गी होलोग्राम स्टिकर अवश्य हेर्नुहोला । →

मूल्य रू. १३०/-

सूचना- विभिन्न शुभचिन्तक वर्गका सुझाव अनुसार संवत् २०८०सालको हिमाल पञ्चाङ्ग (श्री प्राणनाथ त्रिपाठीको पात्रो) सम्बन्धित विज्ञजन समक्ष प्रस्तुत गरिएको छ । पंचाङ्गमा समावेश गरिएका सबै नवीन सामग्रीहरू परिमार्जित रूपमा प्रस्तुत छन् । विगत केही वर्षबाट पञ्चाङ्गको स्वरूप र आकृतिमा केही परिवर्तन गरिएको छ यसले पाठक प्रयोक्ताहरूलाई पक्कै पनि सहयोग गर्ने विश्वास लिएका छौं । स्वरूप परिवर्तन भए पनि विगत वर्षहरूमा रहेका सामग्रीहरू यथास्थानमा नैं राख्ने प्रयास गरिएको छ, स्थान फेरिएका सामग्रीका बारेमा विषय सूची हेर्नुहुन अनुरोध छ । यस वर्ष पनि पञ्चाङ्गमा व्यवहार उपयोगी विविध सामग्रीहरू थपिएका छन् जसका विषयमा विज्ञहरूको सुझाव र प्रतिक्रियाको सधैं प्रतिक्षा रहेको छ । पञ्चाङ्गका अङ्कहरूको समाप्तिकाल घडीपल तथा बजेसम्म शीर्षकमा घण्टामिनेटमा राखिएको छ । यसमा लेखिएको समय रात्रि १ बजेबाट दिनको १२ बजेसम्मलाई १, २, ३....१२ र दिनको १ बजेदेखि रात्रि ११ सम्मलाई १३, १४, १५ .... २३ र रात्रि १२ बजेलाई ० बजले सङ्केत गरिएको छ यसै अनुरूप ज्ञात हुने नै छ । यहाँ राखिएको सूर्योदय नेपालको प्रामाणिक (हातेघडिको) समय हो । यसमा बेलान्तर/देशान्तर संस्कार भईसकेको हुँदा उक्त सूर्योदयको प्रयोग गरेर इष्टकाल बनाउँदा बेलान्तर संस्कार गर्नुपर्दैन देशान्तर र चरान्तर संस्कार मात्र गर्नुपर्दछ। पञ्चाङ्गमा सबै पर्वहरू सम्बन्धित दिनमा नै राख्न स्थान नपुग्नेहुनाले बाँकि रहेका पर्वहरूलाई ⓿❶❷आदि चिन्हहरूद्वारा संकेत गरी त्यसैपृष्ठमा नै राखिएको हुन्छ यसै अनुरुप ज्ञात हुने नै छ। समस्त पाठकवर्गमा नववर्ष २०८० को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। -

हिमाल पञ्चाङ्ग परिवार

श्री संवत् २०८० सालको वर्षव्यवस्था

यस सालमा पिङ्गलनामक संवत्सर र दशाधिकारी ग्रहहरूमा राजापदमा बुध, मन्त्रीपदमा शुक्र, सस्येशपदमा चन्द्र, रसेशपदमा बुध, नीरसेशपदमा चन्द्र, मेघेशपदमा गुरु, धान्येशपदमा शनि, फलेशपदमा गुरु, धनेशपदमा सूर्य, दुर्गेशपदमा गुरु रही ग्रहपरिषद् गठित भएर वर्षारम्भ भएको छ। आ-आफ्नो कार्यभार सुसम्पन्न गर्न सबै ग्रह कटिवद्ध एवं प्रयत्नशील रहने छन्। ग्रह परिषद्मा ८० प्रतिशत शुभग्रह र २० प्रतिशत अशुभग्रहको सहभागिता रहेको छ। पिङ्गलनामक संवत्सर र शुभाशुभग्रहको विवेचन गर्दा यसवर्षको जागतिक परिस्थिति उत्साहजनक नै देखिन्छ, राजा बुध र मन्त्री शुक्रमा आपसी मित्रताको सम्बन्धले गर्दा शासकीयकार्यमा सकारात्मकताको स्थिति रहने छ यसले केही सुधारात्मक मार्गमा रहेको अनुभूति होला। वर्षको आरम्भ कन्या लग्नमा भएको छ समग्रमा जगल्लग्न लग्नेश र अन्य दशाधिकारी ग्रहहरूको माध्यमबाट यस वर्षमा निम्नानुसार शुभाशुभ फल प्राप्त हुनेछ।

लग्नेश बुध अष्टमस्थानमा रहेको छ क्रुर ग्रहले ग्रस्तहुनाले त्यत्ति सफल नभए तापनि देशको सकल घरेलु उत्पादनमा केही वृद्धिकर अवश्य रहला, बुध रसेश पनि हो अतः रसवस्तुमा केही कमी होला। दशमस्थ मङ्गल राज्यकार्यमा सफल सिद्ध होला, नवीन रोजगारको उपलब्धता बढ्नाले सामान्यजनमा केही सुविधा हुने र उत्साहको वातावरण बढ्दै जानेछ। नवमेश शुक्र नवमभावमा स्वगृही तथा पञ्चमस्थानमा चन्द्रमा रहेको हुनाले शिक्षा र धार्मिकक्षेत्रमा राम्रै हुने विश्वास गर्न सकिन्छ, धार्मिक क्षेत्रमा जागरुकता बढ्ने देखिन्छ । षष्ठेश स्वगृही शनि रहेको हुनाले रोग र शत्रु निवारणकारक सिद्ध होला। शनि धान्येश पनि हुनाले कृषिक्षेत्रमा राम्रै हुनेछ, वर्षे बाली राम्रो होला। मेघेश पदको गुरु समुचित वर्षाकारक रहला। दुध र दुग्धजन्य पदार्थ, वनस्पति, रसवस्तु, फलफूल, सागसब्जी आदिमा सामान्यतः समता नै रहला सुवर्ण, मुद्रा, इन्धन, रजत, लौह आदिको मूल्यमा केही सकारात्मक परिवर्तन देख्न सकिएला। यस वर्ष कृषि उपज तथा वैदेशिक विप्रेषणमा केही वृद्धि हुनाले समग्र अर्थतन्त्रमा सुधार देखिएला। कृषक तथा श्रमिक वर्गलाई सामान्य तथा व्यापारी, कर्मचारी, शिल्पकार आदि वर्ग प्रायः सन्तोषित रहने देखिन्छ। वर्षको पूवार्द्ध भन्दा उत्तरार्ध बढी राम्रो रहला।

॥ अथ जगल्लग्नचक्रम् ॥



जगल्लग्नम्

(५।१७।१२।९)

जन्मलग्नर्क्षतः फलम्

मेष	६	अरिपराजयः
वृष	५	पुत्रसुखम्
मिथुन	४	मित्रसुखम्
कर्कट	३	कुटुम्ववृद्धिः
सिंह	२	धनलाभः
कन्या	१	देहसुखम्
तुला	१२	दुःखदारिद्रचयम्
वृश्चिक	११	लाभः
धनु	१०	सुखम्
मकर	९	धर्मार्थप्राप्तिः
कुम्भ	८	कष्टम्
मीन	७	स्त्रीसुखम्

विषयसूची

क्र.	विषय	पृष्ठ
१.	सर्वार्थसिद्धि, मास-राशिफल	४-८
२.	होडाचक्र, गुणचक्र	९-११
३.	प्रथम तथा दशम लग्न सारिणी	१२-१३
४.	विभिन्न जिल्लामा हुने समयान्तर	१४
५.	सप्तवर्ग साधन विधि	१५
६.	चर सारिणी	१६-१७
७.	विंशोत्तरी, त्रिभागी, योगिनी दशा-अन्तर्दशा चक्र	१८
८.	ग्रहमैत्रादि विविध चक्र	१९
९.	संवत्सरफल, आयव्यय, मेष-तुला-विषुवत्‌चक्र	२०
१०.	विवाह, व्रतबन्ध आदि विविध साइतहरू	२१-२२
११.	ग्रहका मन्त्र, दान, जप तथा विभिन्न चक्रहरू	२३-२४
१२.	ग्रहण तथा बारवेला	२५
१३.	पञ्चाङ्ग पक्ष तथा मासका विविधटिप्पणी	२६-५१
१४.	दैनिकलग्न तथा ग्रहस्पष्ट सारिणी	५२-६३
१५.	संक्रान्तिफल	६४-६६
१६.	शिववास, अग्निवास सारिणी, ग्रहमुखचक्र आदि	६७
१७.	षड्वर्गशोधन, वृषवास्तु, कलशादि विभिन्न चक्रहरू	६८
१८.	द्वादशभावस्थ ग्रहफल, घातचक्रादि, विभिन्न चक्रहरू	६९
१९.	जन्मोत्सव पूजा तथा विविध सामग्री	७०
२०.	विभिन्न मुहूर्त्तहरू	७१-७३

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचना

पञ्चाङ्गमा समावेश भएका विषयवस्तु मध्ये पञ्चाङ्गका घ.प./घ.मि., चाडपर्वहरू, विवाह-व्रतबंधआदि मुहूर्तहरू संक्रान्तिफल, आयव्यय, विषुवत्‌फल, जगल्लग्नफल, वर-वधुमेलापकसारिणी, प्रथम-दशम लग्नसारिणी, साप्ताहिक ग्रहस्पष्ट, दैनिक लग्न सारिणी, दैनिक ग्रहस्पष्ट, उदयास्त, पादचार, पापांश, पापर्क्ष, अग्नि रूद्रीजुर्ने, गृहारम्भ, गृहप्रवेश, अन्नप्राशन, दोकान खोल्ने, न्वागी खाने, मुठीलिने मुहूर्त्त, सर्वार्थसिद्धियोग, होडाचक्र, संस्कृत वर्षफल, विंशोपका र ग्रहण, समितिमा छलफलभई निर्णय भएका विषय हुन्। यी बाहेक अन्य विषयवस्तुहरू समितिमा निर्णय नभएका चाडपर्वहरू र छपाइमा फरक परेमा पञ्चाङ्गकार स्वयं जिम्मेवार हुनुहुनेछ। पञ्चाङ्गमा उल्लेखित चाडपर्वहरू शास्त्र र परम्पराका आधारमा निर्णय भएका हुन् । यस भन्दा फरक दिन मनाउने परम्परा भएका व्यक्ति वा समुदायले आफ्नो परम्पराअनुसार चाडपर्व मनाउन सक्नेछन् ।

यस नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ को उपदफा (ञ) र (ठ) अनुसार समितिको स्वीकृति विना पञ्चाङ्ग तथा क्यालेण्डर (भित्तेपात्रो) प्रकाशन गर्न नपाइने भएको हुँदा प्रकाशन गर्नचाहने व्यक्तिवा संस्थाहरूले नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृति लिएरमात्र प्रकाशन गर्नुहोला। अन्यथा आवश्यक कार्यवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति

प. सं. ०७९/८०

च.नं. ७८

मिति : २०७९/९/२५

स्वीकृति र शुभकामना

नेपालमा प्रचलित साँस्कृतिक परम्परा, व्रत, उत्सव, चाडपर्व आदि समस्त धार्मिक एवं सामाजिक कार्यहरूको शास्त्रीय र परम्परागतरूपमा प्रतिपादन गर्ने वार्षिक कार्यतालिकाको शास्त्रीय स्वरूप नै पञ्चाङ्ग हो । धार्मिक एवं सामाजिक कृत्यहरूको मूल आधार भनेको तिथि, वार, नक्षत्र, योग, करण, स्पष्टग्रह र ग्रहोदयास्त आदि हुन् । ग्रहगणितद्वारा निर्धारित विषयवस्तुहरूको आधारमा धर्मशास्त्र र पारम्परिक विधिविधान अनुसार व्रत, पर्व, उत्सव आदिको निर्धारण गरिन्छ। अनुभवी एवं दक्ष गणकहरूद्वारा गणना गरिएको ग्रहस्थिति, तिथिनक्षत्रादिमा एकरूपता कायम गरी शास्त्रीय विधिविधान र देशाचारको समेत पालना गरी धर्मशास्त्र र नेपाली परम्पराका विशिष्टज्ञाता एवं विभिन्न सम्प्रदायका विशेषज्ञहरूको राय सुझाव र निर्देशन अनुसार तयार गरिएको वि.सं. २०८० सालको पञ्चाङ्ग प्रकाशन गर्न **हिमाल पञ्चाङ्गका पञ्चाङ्गकार ज्यो. पं० पद्मनाभ त्रिपाठीलाई** स्वीकृति प्रदान गरिएको छ।

यो पञ्चाङ्ग निर्माण गर्ने कार्यमा सहभागी हुनेहरूमा आमन्त्रित ज्योतिर्विद् धर्मशास्त्रज्ञ र नेपाली संस्कृतिका मर्मज्ञ विद्वान्हरूका अतिरिक्त समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारी, सदस्यहरूमा पञ्चाङ्गकार ज्यो.पं. पद्मनाभ त्रिपाठी, प्रा.डा. देवमणि भट्टराई, डा. वासुदेव कृष्ण शास्त्री(कोइराला), उपप्रा. तनुजा दाहाल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि उप सचिव श्री पुण्यमाया गुरागाईं र सदस्य-सचिव एवं कार्यकारी निर्देशक ज्यो.पं. सूर्यप्रसाद ढुङ्गेल समेत हुनुहुन्छ । यस्तै गरी पञ्चाङ्ग गणना गर्ने र तयार गर्ने पञ्चाङ्गकारहरू मध्ये :– ज्यो. सूर्यनाथ पन्त, ज्यो.पं. विश्वराम शर्मा सापकोटा, श्री मुरारिराज पाण्डे, ज्यो. डिल्लीराज जोशी, ज्यो.पं. दिव्यपुरुष ढकाल, ज्यो. सुबोध ढुङ्गेल, डा. लोकराज पौडेल, ज्यो. शशिधर जोशी, ज्यो. दामोदर जोशी, ज्यो. श्रीकेश कौशिक, दैवज्ञ कीर्ति किरण जोशी, दैवज्ञ सिद्धिलक्ष्मी व्यञ्जनकार, ज्यो.पं. चेतराज उपाध्याय एवं ज्यो.पं. नारायण प्रसाद नेपाल हुनुहुन्छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिद्वारा स्वीकृत पात्रो प्रयोग गर्न समस्त पाठकवर्गमा हार्दिक अनुरोध गरिन्छ । समितिद्वारा स्वीकृति प्राप्त नगरेका पात्रोहरूमा उल्लिखित तिथि नक्षत्र, चाडपर्व आदिका विषयमा यो समिति जवाफदेही हुने छैन । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिद्वारा निर्देशित तथा स्वीकृत पञ्चाङ्गलाई अझ बढी शास्त्रीय र मर्यादित बनाउन सकारात्मक सुझावको लागि यो समिति समस्त विज्ञजनमा हार्दिक अनुरोध गर्दछ । अन्त्यमा वि.सं.२०८० को नववर्षारम्भको शुभोपलक्ष्यमा समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा यो समिति हार्दिक मङ्गलमय शुभकामना समेत व्यक्त गर्दछ।

प्रा. श्रीकृष्ण अधिकारी
(अध्यक्ष)

फोन : ०१-४५११०९३ E-mail : info@npns.gov.np. / npns2025@gmail.com / www.npns.gov.np

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुरोध

गुरु र शुक्र अस्ताएको, बालक एवं वृद्ध भएको बखतमा स्नान, सन्ध्या, पाञ्चायन पूजा, चातुर्मास्यव्रत, तुलसी पूजा एवं विवाह, स्वस्तिशान्ति, रामनवमी आदिको व्रत जस्ता नित्यकर्महरू र श्राद्ध-तर्पण, आशौच, मृतकको क्रिया, ग्रहण स्नानादि नैमित्तिक कर्महरू गर्नुहुन्छ । यी बाहेक इनार, बगैंचा, तलाउ, कुवा आदि निर्माण गर्नु, गृहारम्भ र गृहप्रवेश, चान्द्रायणादि व्रतको आरम्भ र उद्यापन, दीक्षा-ग्रहण, विवाह, व्रतबन्ध, कहिल्यै नगरिएको देवदर्शन, कहिल्यै नगएको तीर्थ जानु, अग्निहोत्र लिनु, चातुर्मास्ययाग, समावर्तन, त्यस्तै सप्ताह नवाहादि पुराण लगाउनु, यज्ञ, व्रतप्रतिष्ठा आदि मन्दिर निर्माणको आरम्भ, देवता स्थापन प्राणप्रतिष्ठा आदि गुरु-शुक्रको अस्त तिनको बालत्व तथा वृद्धत्वमा, क्षयमास-मलमासमा र विश्वघस्रपक्ष (१३ दिनको पक्ष)-मा पनि गर्न हुँदैन, अत: यस्ता शुभकार्य नगर्ने र नगराउने ।

पञ्चाङ्गमा उल्लिखित विभिन्न मुहूर्त र लग्नलाई अन्यथा गरी गरिने कुनै पनि कृत्य अशास्त्रीय र विपरीत फलदायक हुने भएकोले यस्तो कार्य नगर्ने र नगराउने।

श्रीपञ्चमी, विवाह पञ्चमी, अक्षय तृतीया आदि शुभदिनहरूमा विवाह, व्रतबन्ध आदिको शुभ साइत पञ्चाङ्गमा उक्तदिन नपरेमा शुभकार्य नगर्ने नगराउने।

वि०सं० २०८० सालको मासिक भविष्यफल

वैशाख: यस मासमा ग्रहगोचर साधारणतया उत्तम नै छन्। शुक्रबारको संक्रान्ति तथा बिहीबार अमावश्याको योगले अन्नादि खाद्यपदार्थ र सागसब्जी लगायत दैनिक उपभोग्य वस्तुमा सहजता र मूल्यवृद्धिमा केही अंकुश लाग्ने संकेत गर्दछ। देशको वस्तुस्थितिमा केही सकारात्मक संकेतले जनतामा प्रसन्नता छाउला। मेषको सूर्यले कपास,सुन,तामा,चाँदी, तेल, लौहधातु, सूतीवस्त्र तथा अन्य सेतावस्तुहरु महँगो गराउनेछ। कुम्भराशिको शनि आय स्थानमा रहनाले आन्तरिक आयआर्जनमा वृद्धि गराउने देखिन्छ। केही नवीन कार्यारम्भ पनि हुन सक्ला। पुँस्त्री योगबाट १,१२,१५,१८,२२,२४,२५ गते मेघबादल योग देखिन्छ।

मासको दान: सातु, जल(सर्बत आदि), पंखा, छाता, धर्मघट,उपानह (जुत्ता,चप्पल)आदिको दान, विश्रामस्थलको निर्माण उचित छ।

ज्येष्ठ: यस मासको जागतिक परिस्थितिले सामान्यतः उत्तमताको आभास गराएको छ। सोमबारको संक्रान्ति र शुक्रबारको औंसीले गर्दा सामान्य जनमानसलाई केही सहजताको अनुभूति होला र बजारभाउमा पनि केही समर्घता आउला। सेयर बजारमा पनि केही उत्साहजनक वातावरण आउने छ। वृषराशिका सूर्यले जौ,चना,गुड, घृत, तिल, वेल,आलसी, सुत,सन आदि वस्तुमा तेजी रहला, गँहू र चामलमा मंदी होला । मासकुण्डलीमा दशमभावको स्वगृही शनि राज्यव्यवस्थामा प्रबल र निर्णायक होला, केही सकारात्मक वातावरणको आभास गराउला । वायु बतासको प्रकोप भए पनि ८,१२,१४-१८ गते तथा महिनाको अन्तिम सप्ताहमा मेघबादल-जलवर्षणको योग छ।

मासको दान: दही-भात,साथै गर्मी याममा हितकरवस्तुहरु पंखा,छाता,आदिको दान,वरपिपलको चौतारी निर्माण, पिपलमा जलार्पणले वंशवृद्धि हुन्छ भन्ने मान्यता छ।

आषाढ: यस मासका ग्रहस्थिति मध्यमजस्ता छन्। बिहीबार -को सूर्यसंक्रमण तथा आइतबारको औंसीले सामान्यजनमा केही सुविधा दैनिक उपायोगी वस्तुहरुमा केही सहजता तर केही खाद्यवस्तु तथा डिजलआदि खनिज ईंधनमा मूल्यवृद्धि होला। आर्थिकवर्षको समाप्तिमा बजेट सक्न गरिने केही विकासका कार्यले थोरै भए पनि जनता लाभान्वित हुने छन्। आद्राको सूर्यले रुई,सूत,कपास,चीनी,तेल,धान्य, तामा,चाँदी आदि पदार्थमा तेजी,सुन सामान्य रहला। सेयरबजारमा तेजी रहला। कृत्रिम अभावले गर्दा दैनिक उपभोग्य पदार्थ तथा प्राकृतिक इन्धनमामा समस्याको वातावरण देखिएला। वर्षा विषमता भए तापनि १,४,६,७,८,१०-१७,२२,२५,२७,२८ गते समुचित जलवर्षणको योग छ।

मासको दान: अमलाको मुरब्बा वा अमला,कपूर र चन्दन, पुस्तक,साथै गर्मी याममा हितकर वस्तुहरुको दान गर्नु शुभ छ।

श्रावण: यस मासमा ग्रहस्थिति साधारणतया राम्रा जस्ता देखिएका छन्। सोबारको संक्रान्ति तथा औंशीको योग साथै ५ सोमवारको योगले राज्यव्यवस्थामा केही समुचित प्रवन्धको आभास, जनताका केही सुधारात्मक व्यवस्थको अनुभूति हुनेछ। जलजनित प्रकोपले आवागमनमा विषमता र नयाँ रोगव्याधको प्रकोप हुन सक्ला। तिल, तेल, सर्स्यौं,गुड,बाजरा,सुठो,नरीवल,सुन,चाँदी आदिमा केही समर्घता हुनेछ। गुड,रुई,सूतीकपडा, नून,तेल आदिमा तेजी रहने छ, सेयरबजार अप्रत्याशित रुपमा माथि लाग्नेछ। वर्षेबाली सामान्यतः राम्रो रहनेछ। वृष्टिविषमताको आभास भए पनि पुँस्त्री योगबाट पहिलो सप्ताह मन्द झरी, १४,१५,२२,२५,२७ गते उचित जलवर्षण योग छ।

मासको दान: यस मासमा खीरदानको विशेष महत्व छ। वस्त्र,घृत,दूध,वनौषधि,रत्न,यज्ञोपवित आदिको दान,विश्रामस्थलको निर्माण,ब्राम्हणलाई पायसको भोजनले वंशवृद्धि हुन्छ।

भाद्र: मासको अवस्था सर्वसाधारणका लागि सामान्यत: उत्तम जस्तो नै छ। विहीबारको सूर्यसंक्रमण र शुक्रबारको औंशीले सामान्य जनमानसमा उल्लासको वातावरण देखिन्छ । व्यापारी, बुद्धिजीवीवर्ग र कलाकारहरु तुलनात्मक रुपमा बढी खुशी हुने देखिन्छ। विद्यार्थीवर्गलाई पनि यो महिना राम्रै होला। सिंह राशिका सूर्यले मुद्रा विनिमय र सुवर्णमा घटाबढी हुनेछ, सेयरबजार माथि नै रहला। शासनतन्त्रको शिथिलताले केही उपद्रवी तत्त्वले प्रश्रय पाउने देखिन्छ। देशको पश्चिमी क्षेत्रमा कुनै रोगव्याध वा खाद्यान्नको संकट हुने देखिन्छ। वृष्टिविषमताको आभास भए पनि पुँस्त्री योगबाट १,७,८-१५,१८,२०,३०,३१ गते उचित वर्षा होला।

मासको दान: यस मासमा खीर, मह, साँवा, दूध, शख्खर आदिको दान गर्नु उचित छ।

आश्विन: यस मासमा ग्रहस्थिति सामान्यतया मध्यमजस्ता छन्। शनिबारको औंशी, आइतबारको सूर्यसंक्रमण तथा पाँचवटा मंगलवारको योग पर्सेको छ यो सामान्यतया: अनिष्टकारक छ। जनमानसमा आकस्मिक रोगव्याधको प्रकोप हुन जाला । कुनै नयाँ विषाणुजनित व्याधिको प्रकोप पनि हुन सक्ला । वर्षा विषमताले वर्षेबालीमा हानिको सम्भावना छ यसले गर्दा कृषकवर्गमा त्रासको वातावरण छाउला। वर्षा जनित विप्लवले जन-धनको हानि पनि सम्भव देखिन्छ । सुन-चाँदी, चीनी, मसला, रक्तचन्दन, घिउ, खाद्यान्न, तील, खाद्यतेल, आदि मँहगा हुने छन् । शेयरबजारमा मन्दी रहला। वैदेशिक विप्रेषणको मात्रा तुलनात्मक रुपमा वृद्धि हुनेछ।

मासको दान: यस मासमा तिल,घृत,मह,औषधि, पितृनिमित्तक कर्म, ब्राम्हण-ब्राम्हणी भोजन, सिधा दान गर्नु उचित छ।

वि०सं० २०८० सालको मासिक भविष्यफल

कार्त्तिक: मासमा ग्रहस्थिति साधारणतया उत्तम नै देखिन्छ। बुधबारको संक्रान्ति र सोमबारको औंशी पर्नेछ यसले सामान्यतया खाद्यान्न र दैनिक उपयोगका वस्तुहरुमा केही सहजता ल्याई सामान्यजनमा केही राहत देला, दुध र दुग्धजन्य पदार्थको उत्पादन पनि बढ्ला । सूर्य तुला राशिको भएकाले राज्यका जिम्मेवार पदारोहीहरु आपसी वादविवादमा अल्झने छन्, शासनतन्त्र शिथिल रहला। शेयरबजारमा केही उत्साहजनक वातावरण देखिन्छ। धान्यादि वर्षेवालीमा तुलनात्मक रुपमा राम्रो प्रतिफल पाएको हुनाले कृषकवर्ग केही खुसी हुने देखिन्छ।वैदेशिक विप्रेषणमा केही वृद्धि होला।१,५,१० गते र मासान्ततिर मेघबादल दृष्टिगत हुन सक्ने देखिन्छ ।

मासको दान: मासानां कार्त्तिकःश्रेष्ठः,यो मास विशेष दीपदानका लागि प्रसिद्ध छ।नित्य चना दान,गाईको सेवा,संध्याकालमा आकाशदीप दान आदि गर्नाले नरक दर्शन हुँदैन भन्ने मान्यता छ।

मार्गशीर्ष: मासका ग्रहस्थिति सामान्यतः मध्यम जस्ता छन्, शुक्रवासरीयसंक्रान्ति र मंगलबारको औंसीको योग छ, यसले सामान्य जनजीवनमा केही सकारात्मक प्रभाव हुनेछ। वर्षेबालीको राम्रो उत्पादनले कृषकवर्ग सन्तोषित हुने छन्। मास कुण्डलीमा दशमेश सूर्य बलवान् हुनाले राज्यव्यवस्थामा तुलनात्मक सुधारको आभास हुन सक्ला। स्वाथ्यको क्षेत्रमा सुधारात्मक स्थितिको सिर्जना,आर्थिक क्षेत्रमा केही उतार-चढाव हुनेछ। कपास ,सुतीकपडा, गहुँ, चामल आदि तथा सुनचाँदी आदिमा समता आउला तर खाद्यतेल, चीनी-शख्खर तथा दाल भने केही महँगा हुन जालान्। शीतकालको आभास भएर केही सामान्यतया आकाश सफा रहला मासको दोस्रो सप्ताहमा कतै सामान्य झरी पर्ला।

मासको दान: यस मासमा गुँड, नून, कपास,सुतीवस्त्र,दूध, शख्खर आदिको दान गर्नु उचित छ।

पौष: मासको जागतिक परिस्थिति सामान्यतया सन्तोषजनक नै रहला। शनिबारको सूर्य-संक्रमण र बिहीबारको औंशी केहीमिश्रित फल दिने रहला।मूलका सूर्यले सून,चाँदी, मणिमाणिक्य, सुगन्धित तेल, रूई, सूतीवस्त्र आदि महँगा हुन सक्ने छन् । मुद्राविनिमयमा घटाबढीले वैदेशिक व्यापार र विप्रेषणमा केही असर पुग्ला, शेयरबजारमा मन्दी रहला।राज्य-सञ्चालनमा केही सकारात्मक प्रभाव देखिएला, यसले केही सहजता ल्याउला। खाद्यान्न, सागसब्जी र खाद्यतेलको मूल्यमा केही कमी आउला। हिमपात र शीतलहरले सामान्यजीवन असहज होला।११देखि २१ गते मध्य मन्दझरीको योग छ।

मासको दान: यस मासमा सूर्य आराधनाको विशेष महत्व छ। रातोवस्त्र,रक्तचन्दन,तीन्नी(निवार), गूँड, कपास, दूध, शख्खर आदिको दान गर्नु उचित छ।

माघ: यस मासमा ग्रहस्थिति सामान्यतः राम्रा नै छन् ।सोमबारको संक्रान्ति र शुक्रबारको अमावास्याको योग जनतामा क्षेमकारक रहला, स्वास्थ्यको क्षेत्रमा केही विशेष फलदायी रहला।समाजमा धार्मिकताको वृद्धि होला उत्सवीय वातावरण रहला।अन्नादि, सागसब्जी लगायत दैनिक उपभोग्यवस्तुको मूल्यमा केही कमी हुनाले जनतामा केही राहत होला।दाल,चामल,गहुँ, गुड,चीनी, रूई, घृत,चना, दुग्धजन्य पदार्थ आदिमा समता हुनेछ। लौहवस्तु र वाहनआदिको मूल्य केही बढ्न जाला। हिमपात शीतलहर ज्वरकाशादिको प्रभाव होला।महिनाको पूर्वार्द्धमा मन्दझरीको योग देखिएको छ ।

मासको दान: यस मासमा तिलदानको विशेष महत्व छ।कालो तिल र यसबाट बनेका वस्तुहरु तिलकुट, लड्डु आदिको दान तथा स्वयं पनि सेवन गर्ने विधान छ। खिचडी,पान,गुँड,कोइलाको दानको महत्व छ।

फाल्गुन: मासमा जागतिक परिस्थिति मध्यमजस्ता छन्। मंगलबारको संक्रान्ति तथा आइतबारको औंसीको योग जनसामान्यका लागि त्यत्ति सकारात्मक छैन, दैनिक उपभोग्य वस्तुहरुमा केही अभाव वा मुल्यवृद्धिको प्रभाव रहला। शतभिषा तथा कुम्भका सूर्यले चाँदी, सुन, सन, सूत, कपास, तेल, दाख, जाईफल, रेशम, तील महँगा हुने छन्, सागसब्जी तथा दाल भने केही सस्तो होला। पशुमूल्यमा निकै वृद्धि होला। मासान्तमा सुवर्ण, चाँदी, रूई, घृत, चीनी, आदि वस्तुको मूल्यमा केही कमी आउने छ। शेयरबजार मन्दीको प्रभाव केही कम होला। समताको प्रकृति रहे पनि महिनाको मध्यभागमा मेघ बादल दर्शनको योग छ।

मासको दान: धान, गहुँ, जौ आदि अन्न, तृण(घाँस आदि) तथा मृगचर्म आदि आसन साथै गो सुवर्णादि धातु दानको विधान छ।

चैत्र: मासको जागतिक परिस्थिति उत्तम नै छ। बिहीबारको संक्रान्ति र सोमबारको औंसीले रसपदार्थ,दाल, रूई, सूतीकपडा,तील,तेल,सस्यौं,घृत,ताँमा,पीतल, सुन,चाँदी,धान्य, लौहधातु आदिमा समता हुनेछ,यतिबेला संग्रह गर्नु लाभप्रद नै होला, सामान्य जनजीवन केही सहज होला। आर्थिकक्षेत्रमा दीर्घकालिक र सकारात्मक परिवर्तनको लक्षण देखिन्छ।शेयर बजारमा केही सुधारात्मक संकेत देखिएला। कहीं कतै अग्निकाण्डको त्रास,हावा हुरी र मौसम परिवर्तनको आभासका साथै महिनाको प्रथम र तृतीय सप्ताहमा मेघदर्शनयोग छ।

मासको दान: गहुँ, जौ आदि अन्न, आँप, लिची आदि फल, आसन, कमण्डलु, जलपात्र, माला-गोमुखी, माटाको घैंटो साथै छत्र-उपानह आदि दानको विधान छ।जलाशय,पौशाला(पौसरा), यात्रीविश्रमालय आदिको निर्माणको पनि महत्व छ।

सर्वार्थसिद्धि योग सं. २०८०

सर्वार्थसिद्धि योग परेको दिन कार्यारम्भ गरेमा निर्विघ्नतापूर्वक कार्य सफल हुन्छ भन्ने शास्त्रीय वचन छ ।

वैशाख –
१ गते ८।२० बजेपछि
२ गते ६।३९ बजेसम्म
५ गते १३।२ बजेसम्म र ०।८बजेपछि ०।५८ बजेसम्म
९ गते ०।२३ बजेपछि
११ गते ९।१२ बजेपछि २।५६ बजेसम्म
१४ गते ७।१३ बजेपछि १३।३२ बजेसम्म तथा २।३२ बजेपछि
२० गते २०।३१ बजेसम्म

ज्येष्ठ –
२ गते ८।५९ बजेसम्म
६ गते ८।० बजेपछि
८ गते १०।२० बजेसम्म
१४ गते ०।२८ बजेपछि
२८ गते १८।१५ बजेपछि

आषाढ –
२ गते १६।२७ बजेसम्म
१० गते ७।४४ बजेपछि २०।४३ बजेसम्म
१७ गते १२।३७ बजेपछि १९।१८ बजेसम्म
२४ गते १४।१० बजेपछि १।४बजेसम्म
२७ गते २३।७ बजेपछि

श्रावण –
१ गते ४।५६ बजेपछि
७ गते अहोरात्र
११ गते २१।२० बजेपछि
१२ गते २१।३ बजेसम्म
१४ गते १९।३९ बजेसम्म
२१ गते ९।८ बजेसम्म
२४ गते ६।५५ बजेपछि
२९ गते २३।१० बजेपछि

भाद्र –
३ गते ८।२४ बजेसम्म तथा २१।१ बजेपछि २।२१ बजेसम्म
७ गते ९।५२ बजेपछि ५।२ बजेसम्म
१० गते २।३० बजेपछि
११ गते १।५ बजेपछि
१९ गते १४।४५ बजेपछि २०।४० बजेसम्म
२० गते ८।१९ बजेपछि
२४ गते १९।३० बजेपछि
२५ गते २१।४७ बजेसम्म
२६ गते ०।१८ बजेसम्म

आश्विन –
३ गते १२।५० बजेपछि
४ गते १२।५३ बजेसम्म
७ गते १०।३५ बजेपछि
८ गते ९।१३ बजेपछि १४।४० बजेसम्म तथा १।३१ बजेपछि
१२ गते १।१८ बजेपछि
१६ गते २२।२९ बजेसम्म
१७ मते अहोरात्र
१९ गते १।१ बजेपछि
२१ गते ०।३७ बजेसम्म
२३ गते ७।२९ बजेसम्म

कार्तिक –
१ गते १२।० बजेसम्म
५ गते ६।२८ बजेपछि १७।२० बजेसम्म
६ गते १५।४९ बजेसम्म
१२ गते ७।७ बजेसम्म
१४ गते ६।१५ बजेसम्म
१५ गते अहोरात्र
१७ गते ८।२७ बजेपछि ०।३० बजेसम्म
१९ गते १२।१६ बजेसम्म
२५ गते २।१२ बजेपछि
२७ गते ४।१३ बजेपछि

मार्गशीर्ष –
२ गते १।२७ बजेपछि
८ गते १६।११ बजेपछि
११ गते १४।३ बजेपछि
१३ गते १४।४८ बजेसम्म
१४ गते १५।५५ बजेपछि
१५ गते १७।३० बजेसम्म
२० गते ५।३४ बजेपछि
२३ गते ९।३७ बजेपछि
३० गते ९।३३ बजेपछि ११।५९ बजेसम्म तथा २२।५७ बजेपछि

पौष –
३ गते ३।१२ बजेपछि
५ गते ०।१५ बजेपछि
६ गते २०।४३ बजेसम्म
९ गते ५।१७ बजेसम्म
१८ गते १२।४८ बजेपछि
२१ गते ८।३६ बजेसम्म
२३ गते २०।० बजेसम्म
२७ गते १७।३८ बजेपछि
२८ गते १६।१५ बजेसम्म

माघ –
२ गते ११।२१ बजपछि
४ गते १३।५६ बजेपछि
५ गते ७।८ बजेसम्म
११ गते १०।६ बजेपछि
१७ गते २२।२३ बजेसम्म
२६ गते ०।२२ बजेसम्म

फाल्गुन –
१ गते ९।२० बजेसम्म
३ गते १५।१० बजेसम्म
१० गते १७।२७ बजेसम्म
२९ गते ०।३२ बजेपछि

चैत्र–
३ गते २१।१२ बजेसम्म
१६ गते १८।१४ बजेपछि
१८ गते ५।१३ बजेपछि
२७ गते ८।४० बजेपछि

सं. २०८० सालमा साढेसाती शनि विचार

यसवर्ष वर्षारम्भबाट पूरा वर्षभरी नै शनिदेव कुम्भराशिमा रहने छन्, अतः मीन, कुम्भ, मकर राशिलाई क्रमशः आद्य, मध्य, अन्त्य साढेसाती र कर्क तथा वृश्चिक राशिलाई अढैया शनि दशा रहने छ।

यसमा जन्मको शनि असल भएमा आकस्मिक लाभ, कार्यसिद्धि,आदि शुभ फल पनि दिने हो तर शनि विशेष दुःखदायी ग्रह भएकोले अपव्यय, दुःख-कष्ट, परेशानी, कार्यमा विलम्बता, पारिवारिक चिन्ता, स्वास्थ बाधा, मानसिक अशान्ति, व्यापार तथा पशुचौपाया आदिमा हानि नोक्सानी आदि गराउने हुँदा उक्त राशि हुने व्यक्तिहरूले शनिवार व्रत, पीपल पूजा, जलार्पण, परिक्रमा, शनिदेवको जप, पूजा आदि गर्नु-गराउनु राम्रो हुनेछ।

पीपलमा जल चढाउने मन्त्रः

मूलतो ब्रम्हरूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिवरूपाय अश्वत्थाय नमोनमः ॥

प्रार्थना गर्ने मन्त्रः

अश्वत्थयस्मिन्त्वयि वृक्षराजः नारायणस्तिष्ठति सर्वकाले।
अतः श्रुतस्त्वं सततंतरुणां धन्योऽसि चारिष्टविनाशकोऽसि ॥१॥
कोणोऽन्तको रौद्रयमोऽथबभ्रुः कृष्णः शनिः पिंगल मन्दसौरी।
नित्यस्मृतो यो हरते च पीडा तस्मै नमः श्रीरविनन्दनाय ॥२॥

दशाशान्तिका लागि मन्त्रः

गाधिश्च कौशिकश्चैव पिप्पलादो महामुनिः। शनैश्चरकृतां पीडां नाशयन्ति स्मृतास्त्रयः॥

शनिको मन्त्रः

नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोऽस्तु ते।
नमस्ते विभुरूपाय कृष्णाय च नमोऽस्तु ते।।
नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च।
नमस्ते यमसंज्ञाय नमस्ते सौरये विभो।।
नमस्ते मन्दसंज्ञाय शनैश्चर नमोनमः।
प्रसीद मम देवेश दीनस्य प्रणतस्य च।।

श्रीमहामृत्यञ्जय मंत्रः

ॐ ह्रौं ॐजूं सः ॐ भूर्भुवःस्वः त्र्यम्बकं यजामहेसुगन्धिंपुष्टिवर्द्धनम्। उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीयमाऽमृतात् ॐ स्वः भुवः भूः ॐ सः जूं ह्रौं ॐ।

वि०सं० २०८० सालको राशिफल

मेष: (चु.चे.चो.ला.लि.लु.ले.लो.अ.आद्य नामाक्षर)

तपाँइका ग्रह सामान्यतया राम्रा छन् । पहिलो वृहस्पति केही अनुकूल हुने हुनाले शैक्षिकक्षेत्रमा केही सफलता मिल्ला तर केही मानसिक तनाव पनि देला । कुम्भ राशिमा रहेको एकादश शनिले अनेक माध्यमबाट आर्थिक लाभको दिने छ, स्थिरसम्पत्तिमा पनि निकै वृद्धि होला, कृषि तथा व्यावसायिक उन्नति पनि होला तर आर्थिक लेनदेनमा विवाद पर्न सक्ला । आश्विनसम्म प्रथम राहु र सातौं केतु त्यत्ति सहयोगी छैनन्,व्यर्थको विवाद र झमेला उत्पन्न हुनसक्ने हुनाले सावधानी अपेक्षित छ । आफ्नो, मातापिताको वा दाम्पत्यमा स्वास्थ्य बाधा उत्पन्न हुन सक्ला, कार्त्तिकबाट भने स्थितिमा सुधार आउला,परिवारजनको सुखमा वृद्धि पनि केही वृद्धि होला । विद्यार्थीवर्गले विशेष परिश्रम गर्नुपर्ला। कृषक र जागिरेवर्ग प्रायः सन्तोषित रहलान् । जागिरमा प्रोन्नति पनि होला ।

वृष: (इ.उ.ए.ओ.वा.वि.वू.वे.वो. आद्य नामाक्षर)

तपाँइका ग्रहस्थिति साधारणतया मध्यमजस्ता छन्, गुरु द्वादश हुने हुँदा व्यावहारिक झमेला, आर्थिक विषमता, मानसिक तनाब, व्यर्थको यात्रा होला, गुप्तशत्रुबाट हानि हुनसक्ला। शनि केही अनुकूल रहेको हुनाले सामाजिक र राजकीय कार्यमा सफलता मिल्ला, न्यायालय सम्बन्धी विवादमा विजय मिल्ला, सावधानीपूर्वक गरेका सबै कार्य सफल होलान्,नवीन सम्पत्ति खरिद गर्ने योग बन्न सक्ला। बाह्रौं राहु केही अपव्ययकारक हुनसक्ला,व्यर्थको खर्चबाट जोगिनुपर्ला, तर छैठो केतु सुखदाता र सहयोगी होला । दाम्पत्य र परिवारिक जीवन सुखद रहला, समाजमा मानप्रतिष्ठा बढ्ला। जागिरमा प्रोन्नतिको योग छ, व्यवसायी-कारोबारीहरूलाई आंशिक लाभ पाइने देखिन्छ । माघ-फाल्गुन महिनामा धार्मिककृत्य वा मङ्गलकार्यको पनि सम्भावना रहला, तीर्थाटनको पनि योग देखिन्छ।

मिथुन: (क.कि.कु.घ.(ङ=ग)छ.के.को.ह. आद्य नामाक्षर)

तपाँइका ग्रहगोचर राम्रा नै छन्। एकादश गुरु आय-आर्जनमा सहयोगी सिद्ध होला । परिवारमा केही उत्साहजनक वातावरण रहला, जग्गाजमीन र वाहनको व्यवसायमा पनि राम्रै लाभको स्थिति देखिन्छ । कुनै नयाँ व्यवसाय प्रारम्भ हुने वा अचल सम्पत्ति जोडिने पनि देखिन्छ । एकादश राहु पनि अनेकौं स्रोतबाट प्रसस्त आमदानी गराउन प्रतिबद्ध देखिन्छ। व्यवसायी-सेयरकारोबारीहरूलाई पर्याप्त लाभको अवसर पाइने देखिन्छ । पञ्चम केतुका कारण विद्यामार्गमा अवरोध होला सन्तानपक्षमा पनि समस्या उत्पन्न हुन सक्ने देखिन्छ, विद्यार्थीवर्गले विशेष परिश्रम गर्नुपर्ने देखिन्छ। कार्यक्षेत्रमा सहकर्मीहरूसँग विवाद पर्न सक्ने हुनाले आफैं जोगिगनु राम्रो होला । स्वगृही नवम शनि भाग्योदयको कारक बन्न सक्ला, धार्मिककृत्यमा भने अवरोधक रहला ।

कर्कट: (हि.हू.हे.हो.डा.डि.डू.डे.डो. आद्य नामाक्षर)

तपाँइका ग्रह त्यत्ति राम्रा छैनन्। आठौं(अढैया) "शनिले गर्दा कामकार्यमा विलम्बता, दुःख परेशानी आइपर्ने, शारीरिक कष्टले पनि अत्यन्त सताउने,परिवारमा पनि मनोमानिल्यता हुने, जागिरमा अवाञ्छित स्थानान्तरण,कुनै मुद्दामामिला आइलाग्ने,आफ्नै इष्टमित्रबाट पनि धोका पाइने आदि हुन सक्ने छ। शेयरकारोबारमा आंशिक लाभ देखिए पनि जोखिम नलिनु नै राम्रो होला । दशम गुरु केही अनुकूल हुनाले आफ्नो व्यवसाय र राज्यकार्यमा केही सन्तोष होला । वर्षारम्भमा केतु चौथो र राहु दशौं छन् जो कलह र वादविवादका कारक पनि हुन सक्ने हुनाले व्यर्थ विवादबाट स्वयं नै टाढा रहनु उचित छ, चौथो केतुले यदाकदा आकस्मिक लाभ पनि दिन सक्ला ।आश्विन मासान्तपछि राहु-केतुको राशिपरिवर्तले केही राहत देला तर कुनै ऋण लिनु दिनुबाट जोगिनु उचित रहला ।

सिंह: (मा.मि.मु.मे.मो.टा.टी.टू.टे. आद्य नामाक्षर)

तपाँइका ग्रहस्थिति साधारणतया राम्रा छन् । गुरु नवौं रहने हुनाले धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको यात्रा सफल हुनेछ, भाग्योदय, पुत्रकलत्रादिबाट हुने सुखसुविस्ता, मित्रवान्धवको सहयोग आदिबाट पनि सन्तोष हुने छ,वैदेशिक व्यापार र श्रम दुबै क्षेत्रमा लाभ मिल्ला । मानसिक प्रसन्नताले उत्साहवर्धन पनि होला । नवौं राहु भने धार्मिककृत्यमा केही बाधाकारक हुन सक्ला, सट्टा वा सेयरबजार बाट टाढै वसेको राम्रो छ,आश्विनपछि हुने राहु केतुको राशि परि-वर्तन केही कष्टकारक हुन सक्ने देखिन्छ । सातौं शनिले गर्दा आफ्नो वा दाम्पत्यको शारीरिक स्वाथ्यमा केही समस्या पनि आउला त्यसतर्फ विशेष ध्यान दिनु जरुरी छ । व्यापारी तथा नोकरीपेशा पनि खुशी नै रहलान् । स्वव्यवसायमा अत्यधिक संयम र सावधानी अपेक्षित छ त्यसबाट राम्रै लाभ होला ।

कन्या: (टो.प.पी.पू.ष.(ण=ड)ठ.पे.पो. आद्य नामाक्षर)

तपाँइका ग्रहगोचर मध्यमजस्ता छन्। गुरु अष्टम रहेको हुनाले अध्ययन अध्यापनका क्षेत्रमा अवरोध उत्पन्न होला। मन पनि अशान्त रहला, पारिवारिक मतभेद, व्यर्थविवाद आदिको पनि सम्भावना भएकाले अत्यन्त संयमित व्यवहार र शान्तिको अपेक्षा छ। छैठो शनि रोग तथा शत्रु नाश गर्ने होला, कुनै पुरानो विवाद आफ्नो पक्षमा रहला, न्यायिकक्षेत्रमा पनि केही सुधार वा अनुकूल लक्षण देखिएला। केही नयाँ व्यवसायको सम्भावना पनि देखिन्छ। शेयरकारोबार तथा स्वव्यवसायमा पनि केही लाभ देखिएला । कुनै नवीन सम्पत्ति आर्जन पनि होला । विद्यार्थीवर्गको परिश्रम सफल होला । आश्विन पछि राहु सातौं हुने हुनाले दाम्पत्य विवाद हुन सक्छ। पहिलो केतु स्वास्थ्य बाधाको कारक सिद्ध होला । संतुलित व्यवहारले सामाजिक र धार्मिक क्षेत्रमा आंशिक यश प्राप्त होला ।

वि०सं० २०८०सालको राशिफल

तुला: (रा.री.रु.रे.रो.ता.ती.तू.ते. आद्य नामाक्षर)
तपाँइका ग्रह सामान्यतया राम्रा जस्ता छन् । सातौं गुरु शुभकारक रहला, मान, यश, प्रतिष्ठा आदिको अभ्युदय होला, कुनै नवीन व्यवसायको आरम्भ पनि हुन सक्ला, सुखद र लाभप्रद यात्रा होला । शारीरिक र आर्थिक क्षेत्रमा हुँदै गरेको क्रमिक सुधारले गर्दा मन प्रसन्न रहला र आत्मवलमा पनि वृद्धि होला । वाणीको उचित र संयमित उपयोगले अप्रत्याशित लाभ मिल्ला । आश्विन पछिको दाम्पत्य सुख राम्रो छ परस्परको विचारविनिमयद्वारा गरि-एका कामहरू अवश्य सफल होलान् । पञ्चम शनि अध्ययन अध्यापन र सन्तान पक्षमा केही व्यवधान कारक होला । आश्विन पछिको छैठो राहु शत्रुनाशक भई सुखकारक रहला, आकस्मिक धनलाभ पनि गराउला । शेयरकारोबारमा पनि केही लाभार्जन गर्न सकिएला । पारिवारिक सौख्यमा पनि वृद्धि देखिन्छ ।

वृश्चिक: (तो.ना.नि.नू.ने.नो.या.यी.यू. आद्य नामाक्षर)
तपाँइका ग्रहगोचर त्यत्ति राम्रा छैनन् । चौथो (अढैया) शनिको प्रभावले मानसिक तनाव, मिथ्यापवाद, कामकार्यमा विलम्बता, दुःख परेशानी आइपर्ने, शारीरिक कष्टले पनि अत्यन्त सताउने आदि हुन सक्ने छ । आहार-विहार र दैनन्दिन जीवनका क्रियाकलापादिमा अस्तव्यस्तता,चिन्ता,त्राश आदिको सामना गर्नुपर्ला। साझेदारीको व्यवसायमा वादविवाद आइपर्ला। कष्टसाध्य यात्राको योग पनि देखिन्छ। छैठो वृहस्पति पनि त्यत्ति सहयोगी हुँदैन यसले अनावश्यक भ्रमण र चिन्ताको योग ल्याउँछ। आश्विनसम्म राहु छैठो रहेकाले रोग र शत्रुनाशक रहला । कार्तिक बाट राहु पाँचौं हुनेहुनाले सन्तान र अध्ययन अध्यापनको क्षेत्रमा अनेक व्यवधान उत्पन्न गराउला । एकादश केतु केही सहयोगी र लाभकारी होला, वैदेशिक कार्यमा भने केही सफलता पाइएला ।

धनु: (ये.यो.भा.भी.भू.धा.फा.ढा.भे. आद्य नामाक्षर)
तपाँइका ग्रहगोचर सामान्यतः उत्तम नै देखिन्छन्। पञ्चम गुरुले गर्दा अध्ययन-अध्यापन र सन्तानपक्षमा उत्साहजनक अवस्था रहला, धार्मिक, आध्यात्मिक, शैक्षिक तथा वाचिक क्षेत्रमा पनि निकै उन्नति होला । शारीरिक र आर्थिक क्षेत्रमा हुँदै गरेको क्रमिक सुधारले गर्दा मन प्रसन्न रहला र आत्मवलमा पनि वृद्धि होला । वाणीको उचित र संयमित उपयोगले अप्रत्याशित लाभ मिल्ला। घर परिवारमा कुनै मङ्गलकार्य होला, कुनै तीर्थ जाने मौका जुर्ला। तेस्रो शनिले पराक्रममा वृद्धि गराउला साथै विद्यार्थीवर्गलाई पनि निकै सफलता देला । वर्षारम्भको एकादश केतु केही सहयोगी-लाभकारी होला, वैदेशिक कार्यमा पनि सफलता पाइएला। आश्विनमासान्तबाट राहु चौथो र केतु दशम हुने छन् फलतः आफ्नो कामप्रति आलस्य र स्वजनमा मतभेद उत्पन्न हुन सक्ला अतः संयम अपेक्षित छ।

मकर: (भो.जा.जी.जे.जू.जो.खा.खी.खू.खे.खो.गा.गी. आद्य नामाक्षर)
तपाँइका ग्रहस्थिति अनिष्टप्रद छन्। शनिको अन्त्य साढेसाती दशा हुनाले त्यत्ति राम्रो समय देखिँदैन। पुत्र कलत्रादिबाट असन्तोष, चौपायबाट हानि नोक्सानी, मिथ्यापवाद,व्यर्थगमन, अनावश्यक व्यय, शत्रु सामना, यान दुर्घटना, स्वव्यवसायत्राट पनि नोक्सानी, अनावश्यक डर त्रासले मनमा भयको प्रकोप, आर्थिक अभावले केही नया कार्य गर्न असमर्थ, आफ्ना नजिकका व्यक्तिले नै धोका दिने आदि अवाञ्छित कार्यको सामना गर्नुपर्ला । न्यायिक क्षेत्रमा पनि सफलता मिल्ने देखिदैन विपत्तिमा कसैको पनि सहयोग नपाउने आदि होला । अनुकूल समयको प्रतीक्षा गरी शनिको जप पूजा आदि गर्नु नै उत्तम रहला । आश्विनसम्म चौथो राहु माता वा मातृपक्षमा रोग कारक हुन जाला। कार्त्तिकबाट राहु तेस्रो हुनाले केही आत्मविश्वास प्राप्त होला तर कुनै नवीन योजनामा हात नराख्नु नै जाति होला। नवौं केतु धार्मिकक्षेत्रमा बाधक रहला ।

कुम्भ: (गू.गे.गो.सा.सी.सू.से.सो.द. आद्य नामाक्षर)
तपाँइका ग्रहगोचर अनिष्टप्रद छन् । संघर्षको स्थिति होला, शनिको मध्य साढेसाती दशा हुनाले त्यत्ति राम्रो समय देखिँदैन । पुत्र कलत्रादिबाट असन्तोष, चौपायबाट हानि नोक्सानी, मिथ्यापवाद, व्यर्थगमन, अनावश्यक व्यय, शत्रु सामना, अनावश्यक डर त्रासले मनमा भयको प्रकोप आदि अवाञ्छित स्थितिको सामना गर्नुपर्ला। पारिवारिक झमेला र तनावको सामना गर्नुपर्ला । तेस्रो गुरु पनि त्यत्ति अनुकूल छैन स्वास्थ्य बाधा, व्यर्थविवाद र पारिवारिक झमेला आइपर्ला। धार्मिकक्षेत्रमा पनि त्यत्ति मन नजाला। गरिरहेको व्यवसाय वा कार्यमा दत्तचित्त भई लाग्ने हो भने त्यसैमा केही सफलता मिल्न सक्नेछ र त्यसैले आत्मसन्तोष दिने छ। वैतनिक र व्यापारिक कार्य मध्यम, न्याय र वैदेशिक मामला आंशिक रहला। सहकर्मीबाट तनाव हुनसक्ला अतः सामञ्जस्य मिलाउनु राम्रो हुनेछ।

मीन: (दी.दू.थ.झ.(ञ.=ज.)दे.दो.चा.ची. आद्य नामाक्षर)
तपाँइका ग्रहगोचर सामान्यजस्ता छन्। शनिको आद्य साढेसाती दशा हुनाले त्यत्ति राम्रो समय देखिँदैन। मानसिक अशान्ति, कामकार्यमा अरुचि, कृषि तथा पशुचौपायाबाट हानि, वाहन दुर्घटना, यश-आत्मबल-इक्षाशक्ति-मानप्रतिष्ठा आदिमा ह्रास, अनावश्यक व्यय, स्वजनको सहयोग र सद्भावमा पनि कमी होला । भित्र कतै अनिष्टको भयले मनमा विचलन र उद्विग्नता रहला । गुप्त शत्रु क्रियशील हुनाले सदैव कुनै अवाञ्छित स्थितिको अवस्था रहला । स्वास्थ्यको क्षेत्रमा पनि कुनै नवीन रोगव्याधको संकेत मिल्न जाला। दोस्रो गुरुले जागिर र स्वव्यवसायमा केही सफलता दिलाउने छ। वर्षारम्भबाट आश्विन मासान्तसम्मका राहु केतुले मानसिक क्लेश दिने देखिन्छन् । श्रमिक, वैतनिक तथा व्यावसायिक मार्ग केही सफल, न्याय तथा वैदेशिक क्षेत्रमा आंशिक फल दिने रहला ।

अथाबकहडाचक्रसहितं वरवधूमेलापकचक्रमिदम्

चरणागतः	चू चे	ली लू	अ इ	ओ वा	वे वो	कु घ	के को	हु हे	डी डू	मा मी	मो टा	टे टो	पू ष	पे पो
नामाद्यक्षरः	चो ला	ले लो	उ ए	वी वू	का की	ङ छ	हा ही	हो डा	डे डो	मू मे	टी टू	पा पी	ण ठ	रा री
नक्षत्रः	अश्विनी	भरणी	कृत्तिका	रोहिणी	मृगशि.	आर्द्रा	पुनर्वसु	तिष्य	शलेषा	मघा	पू.फा.	उ.फा.	हस्ता	चित्रा
राशिः	मेषः	मेषः	मे. १ वृ. ३	वृषः	वृ. २ मि. २	मिथुनः	मि. ३ क. १	कर्कटः	कर्कटः	सिंहः	सिंहः	सिं. १ कं. ३	कन्याः	कं. २ तु. २
राशिस्वामीः	भौमः	भौमः	भौ. १ शु. ३	शुक्रः	शु. २ बु. २	बुधः	बु. ३ चं. १	चन्द्रः	चन्द्रः	सूर्यः	सूर्यः	सू. १ बु. ३	बुधः	बु. २ शु. २
वर्णः	क्षत्रिः	क्षत्रिः	क्ष. १ वै. ३	वैश्यः	वै. २ शू. २	शूद्रः	शू. ३ वि १	विप्रः	विप्रः	क्षत्रिः	क्षत्रिः	क्ष. १ वै. ३	वैश्यः	वै. २ शू. २
वश्यः	चतुष्पद	चतुष्पद	चतुष्पद	चतुष्पद	च. २ द्वि. २	द्विपदः	द्वि. ३ ज. १	जलचरः	जलचरः	चतुष्पद	चतुष्पद	च. १ द्वि. ३	द्विपदः	द्विपदः
योनिः	अश्वः	गजः	अजः	सर्पः	सर्पः	श्वानः	मार्जारः	अजः	मार्जारः	मूषकः	मूषकः	गौः	महिषः	व्याघ्रः
वैरयोनिः	महिषः	सिंहः	वानरः	नकूलः	नकूलः	मृगः	मूषकः	वानरः	मूषकः	मार्जारः	मार्जरः	व्याघ्रः	अश्वः	गौः
गणः	देवः	नरः	राक्षसः	नरः	देवः	नरः	देवः	देवः	राक्षसः	राक्षसः	नरः	नरः	देवः	राक्षसः
नाडीः	आद्यः	मध्यः	अन्त्यः	अन्त्यः	मध्यः	आद्यः	आद्यः	मध्यः	अन्त्यः	अन्त्यः	मध्यः	आद्य	आद्यः	मध्यः
आसनः	अश्वः	प्रेतः	अग्निकु.	गौः	मृगः	भुजंगः	कमलः	कलश	काकः	महिषः	शिलाः	शिलाः	गजः	मयूरः

चरणागतः	रु रे	ती तू	ना नी	नो या	ये यो	भू धा	भे भो	जु जे	खा खू	गा गी	गो सा	से सो	दू थ	दे दो
नामाद्यक्षरः	रो ता	ते तो	नू ने	यी यू	भ भी	फा ढा	जा जी	जो ख	खे खो	गु गे	सी सू	दा दी	झ ञ	चा ची
नक्षत्रः	स्वाती	विशाखा	अनुरा.	ज्येष्ठा	मूल	पू षा	उ.षा.	अभिजि.	श्रवण	धनिष्ठा	शतभि.	पू.भा.	उ.भा.	रेवती
राशिः	तुलाः	तु. ३ वृ. १	वृश्चिकः	वृश्चिकः	धनुः	धनुः	ध. १ म. ३	मकरः	मकरः	म. २ कुं. २	कुम्भः	कुं. ३ मी. १	मीनः	मीनः
राशिस्वामीः	शुक्रः	शु. ३ भौ. १	भौमः	भौमः	गुरुः	गुरुः	गु. १ श. ३	शनिः	शनिः	शनिः	शनिः	श. ३ गु. १	गुरुः	गुरुः
वर्णः	शूद्रः	शू. ३ वि. १	विप्रः	विप्रः	क्षत्रिः	क्षत्रिः	क्ष. १ वै. ३	वैश्यः	वैश्यः	वै. २ शू. २	शूद्रः	शू. ३ वि. १	विप्रः	विप्रः
वश्यः	द्विपदः	द्वि. ३ की. १	कीट	कीट	मनुष्यः	मनुष्यः	म. १ च. ३	चतुष्पदः	चतुष्पद	च. २ द्वि. २	द्विपदः	द्वि. ३ ज. १	जलचरः	जलचरः
योनिः	महिषः	व्याघ्रः	मृगः	मृगः	श्वानः	वानरः	नकूलः	नकूलः अजः	वानरः	सिंहः	अश्वः	सिंहः	गौः	गजः
वैरयोनिः	अश्वः	गौः	श्वानः	श्वानः	मृगः	अजः	सर्पः	अजः गजः	अजः	गजः	महिषः	गजः	व्याघ्रः	सिंहः
गणः	देवः	राक्षसः	देवः	राक्षसः	राक्षसः	नरः	नरः	नरः देवः	देवः	राक्षसः	राक्षसः	नरः	नरः	देवः
नाडीः	अन्त्यः	अन्त्यः	मध्यः	आद्यः	आद्यः	मध्यः	अन्त्यः	अन्त्यः	अन्त्यः	मध्यः	आद्यः	आद्यः	मध्यः	अन्त्यः
आसनः	दोलः	अजः	हंसः	कच्छपः	मूलः	शयनः	शयनः	शयनः नरः	नरः	आढकः	वृषः	भद्रपीठः	भद्रपीठः	चक्रः

गरुडादिवर्गाः

नामाक्षरः	अ इ उ ए ओ	क ख ग घ ङ	च छ ज झ ञ	ट ठ ड ढ ण	त थ द ध न	प फ ब भ म	य र ल व	श ष स ह
वर्गः	गरुडः	मार्जारः	सिंहः	श्वानः	सर्पः	मूषकः	मृगः	मेषः
शत्रुवर्गः	सर्पः	मूषकः	मृगः	मेषः	गरुडः	मार्जारः	सिंहः	श्वानः

विवाहमा नाडी दोष तथा त्यसको परिहार- विवाहमा विविध पक्षहरूलाई सूक्ष्मतापूर्वक विचार गरिनु पर्ने कुरा शास्त्रहरूमा उल्लेख गरिएको छ उक्त मध्ये एक नाडी विचार पनि हो। समान नाडीमा विवाह निषिद्ध छ, त्यसमा पनि मध्य-मध्य नाडी अत्यन्तै त्याज्य छ तर विशेष अवस्थामा यसका केही परिहार (दोष नलाग्ने) यस प्रकार छन्– वर कन्या एकै राशि भिन्न नक्षत्रका वा एकै नक्षत्र फरक राशिका भएमा, वर-कन्या दुबैका नक्षत्र कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, तिष्य, ज्येष्ठा, श्रवण, उत्तरभाद्र तथा रेवती मध्ये कुनै भएमा, वर-कन्या दुबैका राशिस्वामी बुध, गुरु, शुक्रमध्ये कुनै एक भएमा नाडीको दोष निवारण हुन्छ। विशेष 'नाडीदोषस्तु विप्राणां वर्णदोषस्तु क्षत्रिये। गणदोषश्च वैश्येषु योनिदोषस्तु पादजान्।।' यस वचनानुसार ब्राह्मणवर्गमा नाडी विशेष विचार्य छ। अत्यावश्यक भएमा विधिपूर्वक महामृत्युञ्जय जप, हवन, यथाशक्ति गौ, सुवर्णादि दान आदिद्वारा दोष न्यून गर्न सकिन्छ।

वरवधूगुणमेलापकसारिणी

गुणकोष्ठके १८ ऽधिके शुभः

वर राशि		मेष			वृष			मिथुन			कर्कट			सिंह			कन्या			तुला			वृश्चिक			धनु				मकर				कुम्भ			मीन		
कन्या राशि	नक्षत्र	अश्विनी	भरणी	कृति. १	कृति. ३	रोहिणी	मृ. २	मृ. २	आर्द्रा	पुन. ३	पुन. १	तिष्य	श्लेषा	मघा	पू.फा.	उ.फा. १	उ.फा. ३	हस्त	चित्रा २	चित्रा २	स्वाती	विशा. ३	विशा. १	अनुराधा	ज्येष्ठा	मूल	पू.षा.॥	पू.षा.३॥	उ.षा. १	उ.षा. ३	श्रव१॥	श्रव२॥	धनि. २	धनि. २	शतभिषा	पू.भा. ३	पू.भा. १	उ.भा.	रेवती
मेष	अश्विनी	२८	३३	२८॥	१८॥	२१॥	२२॥	२५॥	१६॥	१८॥	२४॥	३२॥	२९	२३	२७	१७॥	१०॥	९॥	१२॥	२२	२७	२२	१९॥	२६॥	१५	१२॥	२४॥	२६	२३	२६	२७	२५॥	२१	१९॥	१४॥	१५॥	१५॥	२५॥	२७
	भरणी	३४	२८	२९	१९	२२॥	१४॥	१७॥	२५॥	२६॥	३२॥	२४॥	२६॥	२२	२०	२८	२१	१९॥	४॥	१४	२९	२२	१९॥	१७॥	१९॥	१९॥	१७॥	१९	२५॥	२८॥	२७	२५॥	११	९॥	१९॥	२३॥	२३॥	१८॥	२७॥
	कृ. १	२७॥	२९	२८	१८	११	१७॥	२०॥	१९॥	२०॥	२६॥	२७॥	२४॥	१६॥	२०	२२	१५	१५	१७॥	२७	१५	१९	१६॥	२०॥	२६॥	२४	१७॥	१९	१२॥	१५॥	१२॥	११	२६	२४॥	२६॥	१८॥	१८॥	२०॥	१२॥
वृष	कृ. ३	१८॥	२०	१९	२८	२१	२७॥	१८	१७	१८	२३	२४	२१	१८॥	२२	२४	२०॥	२०॥	२३	२२	१०	१४	२१॥	२५॥	३१॥	१९॥	१३	१४॥	८	१४	११	९॥	२४॥	२९	३१	२३	२१	२३	१५
	रोहिणी	२३॥	२३॥	१२	२१	२८	३६	२६॥	२३	२३	२८	२९	१४	१२॥	२६॥	२८	२४॥	२५॥	१९॥	१८॥	१५	९	१६॥	३०॥	२४॥	१३॥	१९॥	२१	११	१७	१९	१७॥	२१	२५॥	२४	३०	२८	२७	२०
	मृ. २	२३॥	१४॥	१९॥	२८॥	३५	२८	१८॥	२३॥	२३	२८	२१	२३	२१॥	१७॥	२५॥	२२	२५॥	१२॥	११॥	२४॥	१८	२५॥	२२॥	२५॥	१४॥	१०॥	१२	१६॥	२२॥	२७	२५॥	१४	१८॥	२६॥	२९	२७	१८	२८
मिथुन	मृ. २	२६॥	१७॥	२२॥	२०	२६॥	१९॥	२८	३३	३२॥	२०	१३	१५	२४	२०	२८	३०॥	३४	२१	१४	२७	२०॥	१५	१२	१५	२३	१९	१७॥	२५	२०	२४॥	२६	११॥	१३	२१	२३॥	२५॥	१६॥	२६॥
	आर्द्रा	१८॥	२६॥	२०॥	१८	२४	२५॥	३४	२८	२५	१२॥	२०	१३	२३	२९	२२	२४॥	२४॥	२७	२०	२७	२०	१४॥	१८	४	१६	२८	२६॥	२८	२३	२३	२४॥	१७॥	१९	१२	१७	१९	२६॥	२६॥
	पुन. ३	१८॥	२५॥	२२॥	२०	२३	२४	३२॥	२४	२८	१५॥	२२॥	१७	२३	२७	२१	२३॥	२४॥	२६॥	१९॥	२७	२१	१५॥	२१॥	७	१४	२७	२५॥	२७	२२	२३	२४॥	१८	१९॥	१३	१७	१९	२७	२६॥
कर्कट	पुन. १	२२॥	२९॥	२६॥	२३	२६	२७	१९	१०॥	१४॥	२८	३५	२९॥	१७॥	२१॥	१५॥	१७	१८	२०	१९॥	२७	२१	२०	२६	११॥	८	२१	२२॥	२१	२६	२७	२५॥	२२	१३॥	७	११	१७	२५	२४॥
	तिष्य	३१॥	२२॥	२७॥	२४	२७	२०	१२	१८	२१॥	३५	२८	३०	१८॥	१४॥	२४॥	२६	२७	१२	११॥	२६॥	२१	२०	१९	२२	१७	११	१२॥	२२	२७	२५	२३॥	१३	४॥	१४॥	१८	२४	१८	२७
	श्लेषा	२६	२४॥	२३॥	२०	१३	२१	१३	१२	१५	२८॥	२९	२८	१६	१६॥	१८॥	२०	२०	२५	२४॥	११॥	१६॥	१५॥	२०	२६	२२॥	१६	१७॥	८	१३	१३	११॥	२७	१८॥	१८॥	१२॥	१८॥	२०	१२
सिंह	मघा	२१	२१	१७॥	१८॥	११॥	१९॥	२२	२२	२१	१७॥	१९॥	१७	२८	३०	२६॥	१६	१६	२२	२५	११	१७	२४॥	२६॥	३४	२४॥	१९॥	२१	१०	५॥	५॥	४	१८॥	२४	२५	१८	१८॥	१९॥	१३
	पू.फा.	२७	१९	२१	२२	२५॥	१७॥	२०	२८	२७	२३॥	१७॥	१७॥	३०	२८	३४	२३॥	२२	८	११	२५	१९	२६॥	२४॥	२६॥	१८॥	१७॥	१९	२५॥	२१	१९॥	१८	४॥	१०	१९	२४	२४॥	१७॥	२५॥
	उ.फा. १	१८॥	२७	२२	२३	२७	२५॥	२८	२१	२१	१७॥	२६॥	१९॥	२६॥	३४	२८	१७॥	१६॥	१४	१७	२६	१७	२४॥	३३॥	१९॥	१०	२५॥	२७	२६॥	२२	२१	१९॥	१२॥	१८	१२	१६	१६॥	२७॥	२५॥
कन्या	उ.फा. ३	१२॥	२१	१६	२०॥	२४॥	२३	३०॥	२३॥	२३॥	१९	२८	२१	१७	२४॥	१८॥	२८	२७	२४॥	१६॥	२५॥	१६॥	१९	२८	१४	१४	२९॥	२८	३०॥	२५॥	२४॥	२६	१६	१६॥	१०॥	१४॥	१७॥	२८॥	२६॥
	हस्त	१०॥	१९॥	१७	२१॥	२४॥	२५॥	३३	२२॥	२३॥	१९	२८	२२	१८	२२	१६॥	२६	२८	२८	२०	२६॥	१८॥	२१	२७	१४	१५	२७	२५॥	२८॥	२३॥	२४॥	२६	२०॥	२१	९॥	१५॥	१८॥	२६॥	२७॥
	चित्रा	१२॥	५॥	१८॥	२३	१९॥	११॥	१९	२६	२४॥	२०	१२	२६	२३	९	१५	२४॥	२७	२८	२०	१९	२६॥	२९	१३	२७	२७	१३	११॥	२२	१७	१७॥	१९	१६॥	१७	२४	१७॥	२०॥	१०॥	२०॥

विवाहमा वरकन्याको नक्षत्रका आधारमा माथि लेखिएको सारणीबाट गुण ज्ञान गर्न सकिन्छ, तेर्सो वरको ठाडो कन्याको नक्षत्र जोडिने कोष्ठको अङ्क गुण हो, १८ अङ्क वा धेरै मिलेमा शुभ हुन्छ । वर-कन्याको परस्पर राशिबाट ९।५, २।१२, ६।८ परेमा दुष्कुट र अन्यमा सत्कुट हुन्छ। सत्कुट भएमा १६ गुण र दुष्कुट भएमा १८ गुणसम्म विवाह गर्नुहुदैन । २० गुणसम्म मध्यम र सो भन्दा माथि भएमा उत्तम हुन्छ । ग्रह नक्षत्रादिको किरणको असर प्रत्येक प्राणीमा प्रत्यक्ष-परोक्ष रूपमा अवश्य परिरहेको हुन्छ सोही अनुरुप विश्वका प्रत्येक मानिसमा भिन्नता हुने हो, अतः वर-कन्या दुबैको स्वभावगत मेलमिलाप पनि यसैबाट निर्धारित हुने र मिलान गरेरमात्र विवाह गर्नुपर्ने आप्तवचन रहेको छ ।

प्रश्नद्वारा विवाह-चिन्तन– तात्कालिक अवस्थामा विवाहसम्बन्धी जिज्ञासाको चिन्तन प्रश्नलग्नका आधारमा गर्नुपर्छ । केही उपयोगी संकेत यी हुन सक्छन्– शुभ ग्रहले युत वा देखिएका वृष, कर्क र तुला लग्न, चन्द्र-शुक्र समराशि वा समनवांशकमा भएमा, लग्नमा विषम राशिगत चन्द्र-शुक्रको दृष्टि भएमा, सप्तम भाव बुध-गुरु शुक्र वा चन्द्रले युत भएमा, समराशिको लग्न समराशिकै द्रेष्काणमा शुभ ग्रहको दृष्टि भएमा शिघ्र विवाहकारक हुन्छ भने कृष्णपक्षमा समराशिगत चन्द्र १, ६, ८ भावमा पापग्रहद्वारा युत वा देखिएमा, लग्नस्थ चन्द्रलाई मंगलले देखेमा, पंचमभावमा पाप ग्रह भई निचस्थ ग्रहद्वारा देखिएमा, लग्न वा सप्तमका पाप ग्रहलाई निचस्थ ग्रहद्वारा देखिएमा विवाहमा बाधा वा अयोग्य होला ।

वरवधूगुणमेलापकसारिणी

गुणकोष्ठके १८ ऽधिके शुभः

कन्या राशि	नक्षत्र / वर राशि	मेष			वृष			मिथुन			कर्कट			सिंह			कन्या		
		अश्विनी	भरणी	कृति. १	कृति. ३	रोहिणी	मृ. २	मृ. २	आर्द्रा	पुन. ३	पुन. १	पुष्य	श्लेषा	मघा	पू.फा.	उ.फा. १	उ.फा. ३	हस्त	चित्रा २
तुला	चित्रा २	२२	१५	२८	२३	१९॥	११॥	१३	२०	१८॥	१९॥	११॥	२५॥	२६	१२	१८	१७॥	२०	२१
	स्वाती	२८	२९	१७	१२	१५	२५॥	२७	२६	२७	२८	२७॥	१३॥	१३	२५	२६	२५॥	२७॥	२१
	विशा. ३	२२	२३	२०	१५	१०	१८	१९॥	२०	२०	२१	२१	१७॥	१८	२०	१८	१७॥	१८॥	२७॥
वृश्चिक	विशा. १	१७॥	१८॥	१५॥	२०॥	१५॥	२३॥	१३	१३॥	१३॥	१९	१९	१५॥	२३॥	२५॥	२३॥	१८	१९	२८
	अनुराधा	२५॥	१५॥	२०॥	२५॥	२८॥	२१॥	११	१६	२०॥	२६	१९	२१	२६॥	२२॥	३१॥	२६	२६	१२
	ज्येष्ठा	१३	१८॥	२५॥	३०॥	२३॥	२३॥	१३	३	५	१०॥	२१	२६	३३	२५॥	१८॥	१३	१२	२५
धनु	मूल	११॥	१९॥	२४	१८॥	१२॥	१२॥	२१	१५	१२	८	१७	२३॥	२४॥	१८॥	१०	१३	१३	२६
	पू.षा. ।।	२५॥	१८॥	१७॥	१२	१८॥	१०॥	१९	२७	२७	२३	१३	१७	१९॥	१७॥	२५॥	२८॥	२७	१२
	पू.षा. ३।।	२७	२०	१९	१३॥	२०	१२	१७॥	२५॥	२५॥	२४॥	१४॥	१८॥	२१	१९	२७	२७	२५॥	१०॥
	उ.षा. १	२४	२५॥	१२॥	७	१०	१६॥	२५	२७	२७	२३	२४	९	१०	२५॥	२६॥	२९॥	२८॥	२१
मकर	उ.षा. ३	२८	२९॥	१६॥	१४	१७	२३॥	२०	२२	२२	२८	२९	१४	६॥	२२	२३	२५॥	२४॥	१७
	श्रव. १।।	२८	२८	१४॥	१२	१८	२७	२३॥	२१	२२	२८	२६	१५	७॥	१९॥	२१	२३॥	२४॥	१८॥
	श्रव. २।।	२६॥	२६॥	१३	१०॥	१६॥	२५॥	२५	२२॥	२३॥	२६॥	२४॥	१३॥	६	१८	१९॥	२५	२६	२०
	धनि. २	२१	१२	२७	२४॥	२१	१३	९॥	१६॥	१६	२२	१३	२८	१९॥	५॥	१३॥	१६	१९॥	१६॥
कुम्भ	धनि. २	१९॥	१०॥	२५॥	३०	२६॥	१८॥	१२	१९	१८॥	१३॥	४॥	१९॥	२५	११	१९	१७॥	२१	१८
	शतभिषा	१४॥	२०॥	२७॥	३२	२५	२६॥	२०	१२	१३	८	१४॥	२०॥	२७	२१	१३	११॥	९॥	२५
	पू.भा. ३	१७॥	२४॥	१९॥	२४	३१	३१	२४॥	१७	१८	१३	२०	१३॥	१९	२५	१७	१५॥	१७॥	१८॥
मीन	पू.भा. १	१५॥	२२॥	१७॥	२०	२७	२७	२५॥	१८	१९	१८	२५	१८॥	१७॥	२३॥	१५॥	१६॥	१८॥	१९॥
	उ.भा.	२५॥	१६॥	१९॥	२२	२६	१८	१६॥	२५॥	२७	२६	१९	२०	१८॥	१६॥	२६॥	२७॥	२६॥	९॥
	रेवती	२६	२५॥	१२॥	१५	१८	२७	२५॥	२४॥	२६॥	२५॥	२७	१४	१४	२४॥	२४॥	२५॥	२६॥	२०॥

कन्या राशि	नक्षत्र / वर राशि	तुला			वृश्चिक			धनु				मकर				कुम्भ			मीन		
		चित्रा २	स्वाती	विशा. ३	विशा. १	अनुराधा	ज्येष्ठा	मूल	पू.षा. ।।	पू.षा. ३।।	उ.षा. १	उ.षा. ३	श्रव १।।	श्रव २।।	धनि. २	धनि. २	शतभिषा	पू.भा. ३	पू.भा. १	उ.भा.	रेवती
तुला	चित्रा २	२८	२७	३४॥	२४॥	८॥	२२॥	२७	१३	११॥	२२	२५	२५॥	२७	२४॥	१९	२६	१९॥	१३॥	३॥	१३॥
	स्वाती	२८	२८	२०	१०	२२॥	१७॥	२३	२७	२५॥	१९	२२	२३	२४॥	२८॥	२३	२१	२७	२१	१९॥	१२॥
	विशा. ३	३४॥	१९	२८	१८	१८	२२॥	२७	२१	१९॥	१४	१७	१६	१७॥	३१	२५॥	२६	२१	१५	१३	५॥
वृश्चिक	विशा. १	२३॥	८	१७	२८	२८	३२॥	२२॥	१६॥	१७॥	९॥	१३	१२	११	२७	२६	२६॥	२१॥	२१	१९	११॥
	अनुराधा	७॥	२१॥	१७	२८	२८	३१	१६॥	१४॥	१५॥	२२॥	२६	२७	२६	१४	१३	२२	२६॥	२६	१९	२७
	ज्येष्ठा	२०॥	१५॥	२०॥	३१॥	३०	२८	१५	१७॥	१८॥	१७॥	२१	२१	२०	२७	२६	१९	१२	११॥	२२	२१
धनु	मूल	२६	२१	२६	२३॥	१६॥	१६	२८	२८	२६॥	२६॥	१५	१५	१६॥	२०	२८॥	२१॥	१४॥	१६	२५	२६॥
	पू.षा. ।।	१२	२७	२०	१७॥	१६॥	१८॥	२८	२८	२६॥	३४	२२॥	२३	२४॥	८	१६॥	२३॥	३०॥	३२	२३	३२
	पू.षा. ३।।	१०॥	२५॥	१८॥	१८॥	१७॥	१९॥	२६॥	२६॥	२८	३२॥	२४	२४॥	२३	९॥	१५	२२	२९	३३॥	२४॥	३३॥
	उ.षा. १	२१	१९	१३	१०॥	२४॥	१८॥	२६॥	३६	३४॥	२८	१६॥	१६॥	१८	१५	२३॥	२३॥	२९॥	३१	३२	२३
मकर	उ.षा. ३	२४	२२	१६	१४	२८	२२	१६	२५॥	२७	१७॥	२८	२८	२६॥	२६॥	१७	१७	२३	३०॥	३१॥	२२॥
	श्रव. १।।	२५॥	२२	१६	१४	२८	२३	१७	२३	२४॥	१४॥	२५	२८	२६॥	३०	२०॥	१८	२३	३०॥	२९॥	२३॥
	श्रव. २।।	२७	२३॥	१७॥	१३	२७	२२	१८॥	२४॥	२३	१६	२३॥	२६॥	२८	२८॥	२२	१९॥	२४॥	२९	२८	२२
	धनि. २	२३॥	२६॥	३०	२८	१४	२८	२१	८	९॥	१६	२६॥	२८	२६॥	२८	१८॥	२३॥	१९	२६॥	१५॥	२२॥
कुम्भ	धनि. २	१९	२२	२५॥	२७	१३	२७	२९॥	१६॥	१५	२४॥	१८	१९॥	२१	१९॥	२८	३३	२८॥	१८	७	१४
	शतभिषा	२६	२०	२६	२७॥	२२	२०	२२॥	२४॥	२३	२४॥	१८	१८	१९॥	२४॥	३३	२८	१९	८॥	१७	१६
	पू.भा. ३	१९॥	२८	२१	२२॥	२८॥	१३	१५॥	३०॥	२९	३०॥	२४	२४	२५॥	२०	२८॥	१९	२८	१७॥	२२॥	२०
मीन	पू.भा. १	१२॥	२१	१४	२१	२७	११॥	१५	३०	३१॥	३०	२९॥	२९॥	२८	२५॥	१७	७॥	१६॥	२८	३३	३०॥
	उ.भा.	२॥	१९॥	१२	१९	२०	२२	२४	२२	२३॥	३१	३०॥	२९॥	२८	१४॥	६	१६	२९॥	३३	२८	३४
	रेवती	१३॥	११॥	५॥	१२॥	२७	२२	२६॥	२९	३०॥	२१	२०॥	२७॥	२०	२२॥	१४	१६	१८	२९॥	३४	२८

षडष्टके द्वेचवियोगकारी भनेदपुत्रस्त्वशुचित्रिकोणे। द्विर्द्वाशिनिर्धनताव्ययश्च नाडीसमाने मरणायनूनम् ।।
यस वचनानुसार वरकन्याको परस्पर राशिबाट २-१२, ६-८, ९-५ पर्नुहुँदैन तर निम्न राशिहरूमा उक्त दोष छैन।

वर-कन्याको राशिबाट ग्राह्य द्विर्द्वादश

२	४	६	८	१०	१२	५
३	५	७	९	११	१	६

वर-कन्याको राशिबाट ग्राह्य षडाष्टक

२	४	६	१	१०	१२
७	९	११	८	३	५

वर-कन्याको राशिबाट ग्राह्य नवपञ्चक

१	१	२	२	३	५	७	९
५	९	६	१०	७	९	११	१२

नोटः ज़ु जे जो ख अभिजित् (उत्तराषाढको चौथो पाउ र श्रवणको १५ भागको १ भाग मिलेर बनेको हुन्छ।

भौमदोष ज्ञानम् - लग्ने १ व्यये १२ च पाताले ४ जामित्रे ७ चाष्टमे ८कुजे। पत्नी हन्ति स्वभर्तारं भर्ता भार्यां न संशयः।।

भौमदोष परिहारः जामित्रे च यदा सौरिर्लग्ने वा हिबुकेऽथ वा। नवमे द्वादशे चैव भौमदोषो न विद्यते।।

न मङ्गली चन्द्रभृगू द्वितीये न मङ्गली पश्यति यस्य जीवः। न मङ्गली केन्द्रगते च राहु न मङ्गली मङ्गलराहुयोगे।।

निरयण प्रथम लग्नसारिणी

अंशा	० मेष	१ वृष	२ मिथुन	३ कर्कट	४ सिंह	५ कन्या	६ तुला	७वृश्चिक	८ धनु	९ मकर	१० कुम्भ	११ मीन	अंशा
०	२।५१	६।५२	११।४३	१७।२०	२३।१०	२८।५२	३४।३१	४०।१९	४६।४	५१।१५	५५।३४	५९।१५	०
१	२।५८	७।१	११।५३	१७।३२	२३।२२	२९।४	३४।४३	४०।३०	४६।१६	५१।२५	५५।४१	५९।२२	१
२	३।६	७।९	१२।४	१७।४४	२३।३४	२९।१५	३४।५४	४०।४२	४६।२७	५१।३४	५५।४९	५९।२९	२
३	३।१३	७।१८	१२।१५	१७।५५	२३।४५	२९।२६	३५।६	४०।५४	४६।३८	५१।४४	५५।५७	५९।३७	३
४	३।२१	७।२७	१२।२६	१८।७	२३।५७	२९।३७	३५।१७	४१।५	४६।४९	५१।५३	५६।५	५९।४४	४
५	३।२८	७।३६	१२।३७	१८।१९	२४।८	२९।४९	३५।२९	४१।१७	४७।०	५२।२	५६।१२	५९।५१	५
६	३।३६	७।४५	१२।४७	१८।३०	२४।२०	३०।०	३५।४०	४१।२९	४७।११	५२।११	५६।२०	५९।५८	६
७	३।४४	७।५५	१२।५८	१८।४२	२४।३१	३०।११	३५।५२	४१।४१	४७।२१	५२।२०	५६।२८	०।५	७
८	३।५१	८।४	१३।९	१८।५४	२४।४३	३०।२२	३६।३	४१।५२	४७।३२	५२।२९	५६।३५	०।१२	८
९	३।५९	८।१३	१३।२०	१९।५	२४।५४	३०।३४	३६।१५	४२।४	४७।४३	५२।३८	५६।४३	०।१९	९
१०	४।७	८।२३	१३।३२	१९।१७	२५।५	३०।४५	३६।२६	४२।१६	४७।५४	५२।४७	५६।५०	०।२६	१०
११	४।१५	८।३२	१३।४३	१९।२९	२५।१७	३०।५६	३६।३८	४२।२७	४८।४	५२।५६	५६।५८	०।३३	११
१२	४।२२	८।४१	१३।५४	१९।४१	२५।२८	३१।७	३६।४९	४२।३९	४८।१५	५३।५	५७।५	०।४०	१२
१३	४।३०	८।५१	१४।५	१९।५२	२५।४०	३१।१९	३७।१	४२।५०	४८।२५	५३।१३	५७।१२	०।४८	१३
१४	४।३८	९।१	१४।१६	२०।४	२५।५१	३१।३०	३७।१२	४३।२	४८।३६	५३।२२	५७।२०	०।५५	१४
१५	४।४६	९।१०	१४।२८	२०।१६	२६।२	३१।४१	३७।२४	४३।१४	४८।४६	५३।३१	५७।२७	१।२	१५
१६	४।५४	९।२०	१४।३९	२०।२७	२६।१४	३१।५३	३७।३६	४३।२५	४८।५७	५३।३९	५७।३५	१।९	१६
१७	५।२	९।३०	१४।५०	२०।३९	२६।२५	३२।४	३७।४७	४३।३७	४९।७	५३।४८	५७।४२	१।१६	१७
१८	५।१०	९।४०	१५।२	२०।५१	२६।३७	३२।१५	३७।५९	४३।४८	४९।१७	५३।५६	५७।४९	१।२३	१८
१९	५।१८	९।५०	१५।१३	२१।३	२६।४८	३२।२६	३८।१०	४४।०	४९।२७	५४।५	५७।५६	१।३०	१९
२०	५।२७	१०।०	१५।२४	२१।१४	२६।५९	३२।३८	३८।२२	४४।११	४९।३८	५४।१३	५८।४	१।३८	२०
२१	५।३५	१०।१०	१५।३६	२१।२६	२७।११	३२।४९	३८।३४	४४।२३	४९।४८	५४।२१	५८।११	१।४५	२१
२२	५।४३	१०।२०	१५।४७	२१।३८	२७।२२	३३।०	३८।४५	४४।३४	४९।५८	५४।२९	५८।१८	१।५२	२२
२३	५।५२	१०।३०	१५।५९	२१।४९	२७।३३	३३।१२	३८।५७	४४।४६	५०।८	५४।३८	५८।२५	१।५९	२३
२४	६।०	१०।४०	१६।११	२२।१	२७।४५	३३।२३	३९।९	४४।५७	५०।१७	५४।४६	५८।३२	२।७	२४
२५	६।९	१०।५०	१६।२२	२२।१२	२७।५६	३३।३५	३९।२०	४५।८	५०।२७	५४।५४	५८।४०	२।१४	२५
२६	६।१७	११।१	१६।३४	२२।२४	२८।७	३३।४६	३९।३२	४५।२०	५०।३७	५५।२	५८।४७	२।२१	२६
२७	६।२६	११।११	१६।४५	२२।३६	२८।१८	३३।५७	३९।४४	४५।३१	५०।४७	५५।१०	५८।५४	२।२९	२७
२८	६।३४	११।२२	१६।५७	२२।४७	२८।३०	३४।९	३९।५५	४५।४२	५०।५६	५५।१८	५९।१	२।३६	२८
२९	६।४३	११।३२	१७।९	२२।५९	२८।४१	३४।२०	४०।७	४५।५३	५१।६	५५।२६	५९।८	२।४३	२९

नेपालदेशीय २४°।२९'।२५" अयनांशीया निरयण प्रथम लग्नसारणी काठमण्डपनर्गया: यत्राक्षांशा: २७°। ४२', पलभा ६।१८ परमक्रान्ति: २३° । २६' । १५"

आवश्यक परेका दिनको समयलाई इष्ट घ.प.मा बदल्ने अर्थात् इष्टकाल ल्याउने । त्यही समयको स्पष्टसूर्यको राशि तथा अंशानुसार सारणीबाट फल लिने। ठाडो (माथिबाट तल) सूर्यको राशि र तेर्सो (बाँयाबाट दाँया) स्पष्ट सूर्यको अंश हो । दुवैको मिलन भएको कोठामा रहेको अंक नै फल हो। उक्तफलमा इष्टकाल जोड्ने र त्यस योगफल बराबर को अङ्क सारिणीमा खोज्ने, जहाँ मिल्दछ त्यसैको आधारमा ठाडोजाँदा पाइएको अङ्क इष्ट लग्नको राशिको अङ्क तथा बायाँ जाँदा पाइएको अङ्क अंशको अङ्क हुन्छ। उक्त योग फलको तुल्य अङ्क नभेटिएमा नजिकको साना अङ्क लिने, उक्तयोगफल भन्दा धेरै (ठुलो) अङ्क लिनु हुदैंन । योगफलतुल्य अङ्क ठ्याक्क मिलेमा कला विकला शून्य हुन्छन् । केही शेष रहेमा अनुपातद्वारा कला विकला ल्याउनुपर्दछ ।

उदाहरण- मानौं कुनैदिनको सूर्योदय प्रात: ६।५० बजे छ, त्यही दिन १५।२० बजेको लग्नल्याउँदा- (१५।२०) - (६।५०) = ८।३०, अब ८।३० गुणा २।३० = २१।१५ इष्ट घ.प. भयो । कल्पित स्पष्टसूर्यको राशि संख्या ८ र अंश संख्या २ का आधारमा सारिणीबाट फल लिंदा ४६।२७ प्राप्त भयो, यसमा २१।१५ इष्ट घ.प.जोड्दा ७।४२ भयो। यसको सबैभन्दा नजिकको अंक सारिणीमा खोज्दा ७।३६ प्राप्त भयो।यसका आधारमा लग्नको राशि सं.१ र अंश सं. ५ प्राप्त भयो, अब आफ्नो अभिष्ट योगफल ७।४२ र सारिणीबाट प्राप्त सं. ७।३६ को अन्तर ६ छ सारिणीमा अभिष्ट क्रमागत दुई कोठाको अन्तर (७।४५-७।३६) = ९ छ, अब ६ अन्तरको फल कला विकलामा यसप्रकार निकाल्नु पर्दछ- (६०X ६ ÷ ९) = ४० कला र ० विकला प्राप्त हुन्छ यस प्रकार प्राप्त सबै फललाई यथास्थानमा राख्दा अभिष्ट लग्न राश्यादि १।५।४०।० हुन्छ । यस्तै रीतले अन्य बेलाको लग्न निकाल्न सकिन्छ ।

विशेष- सारणीबाट लग्न ल्याउँदा धेरैले गतेलाई अंश मानेर सारणीको ठीक प्रयोग नगरेको पाईन्छ । सारणीका देखाइएको ०, १, २ ... २९ स्पष्टसूर्यको गतांश हो गते होइन । सारणीको प्रयोग स्पष्टसूर्यका आधारमा नै गर्नु पर्दछ। स्पष्टसूर्य निकाल्न अप्ठेरो भएमा यसै पञ्चाङ्गमा दिइएको दैनिक उदयकालिक स्पष्ट सूर्यको उपयोग गर्नु वेश हुन्छ। लग्न ल्याइ सकेपछि पनि यसै पञ्चाङ्गमा दिइएको दैनिक लग्नारम्भ तालिका अनुसार मिलान गर्नु राम्रो हुनेछ।

दशम लग्न बनाउने तरिका

दशम लग्न ल्याउँदा पहिला नतकाल ल्याउनु पर्छ। सूर्योदयबाट दिन १२ बजे सम्मको अभिष्ट समय भएमा दिनार्धमा इष्टकाल घटाउनु पूर्व नतकाल हुन्छ। दिन १२ बजे पछि सूयास्त सम्म अभिष्ट समय भएमा इष्टकालमा दिनार्ध घटाउनु पश्चिम नतकाल हुन्छ। सूर्यास्तपछि रात्रि १२ बजे पूर्व अभिष्ट समय भएमा इष्टकालमा दिनार्ध घटाउनु पश्चिम नतकाल हुन्छ। मध्य रात्रि पश्चात् भोलिपल्टको सूर्योदय पूर्वको अभिष्ट समय भएमा इष्टकाललाई ६० मा घटाई दिनार्ध जाड्नाले घट्यादि पूर्व नतकाल हुन्छ।

अब नतकाललाई इष्टकाल मानेर प्रथमलग्नका तरिकाले यस दशम लग्नसारणीबाट लग्न ल्याउनु, यसमा सारणीबाट प्राप्त अङ्कमा पूर्वनत भए घटाउनु पश्चिम नत भएमा जोड्नु पर्छ बाँकि प्रक्रिया प्रथम लग्नमा जस्तै हो।

स्थानिक सूर्योदय बनाउने तरिका

स्थानीय चर साधनका लागि पृ.१६, १७ मा रहेको चर सारिणी तथा दैनिक लग्न सारिणीमा रहेको अभिष्ट दिनको क्रान्तिको आनुपातिक हिसाबले चर ल्याउनु पर्छ।

अक्षांश र क्रान्ति दुबै उत्तर वा दक्षिण एकैतिर भएमा चरलाई ६ घण्टामा घटाउने, एउटा उत्तर अर्को दक्षिणको भएमा चरलाई ६ घण्टामा जाड्ने। बेलान्तर चिन्ह अनुसार गर्ने। (बेलान्तर दैनिक लग्न सारिणीका साथमा छ) देशान्तरको विपरित संस्कार गर्ने धन भए घटाउने ऋणमा जोड्ने।

स्थानीय प्रामाणिक सूर्योदय = ६ घण्टा - चर - समयान्तर - बेलान्तर

दिनमानबाट सूर्योदयास्त बनाउने तरिका

दिनमानलाई ५ ले भाग दिंदा मध्यम सूर्यास्तको समय हुन्छ। त्यसलाई १२ मा घटाउदा मध्यम सूर्योदय प्राप्त हुन्छ। यसमा चिन्ह अनुसार बेलान्तर संस्कार गर्नाले स्पष्ट स्थानिक सूर्योदयास्त प्राप्त हुन्छ। त्यसपछि रेखान्तरको विपरित संस्कार धन भए घटाउने, ऋण भए जोड्ने) गर्नाले सूर्योदयास्त समय स्ट्याण्डर्ड टाइम (हाते घडी)-मा प्राप्त हुन्छ।

सार्वत्रिका दशम लग्नसारिणी

अंशा	० मेष	१ वृष	२ मिथुन	३ कर्कट	४ सिंह	५ कन्या	६ तुला	७वृश्चिक	८ धनु	९ मकर	१० कुम्भ	११ मीन	अंशा
०	३।४७	८।४१	१४।०	१९।२४	२४।२८	२९।९	३३।४७	३८।४१	४४।०	४९।२४	५४।२८	५९।९	०
१	३।५६	८।५२	१४।११	१९।३५	२४।३८.	२९।१९	३३।५६	३८।५२	४४।११	४९।३५	५४।३८	५९।१९	१
२	४।६	९।२	१४।२२	१९।४५	२४।४७	२९।२८	३४।६	३९।२	४४।२२	४९।४५	५४।४७	५९।२८	२
३	४।१५	९।१२	१४।३३	१९।५६	२४।५७	२९।३७	३४।१५	३९।१२	४४।३३	४९।५६	५४।५७	५९।३७	३
४	४।२५	९।२३	१४।४४	२०।६	२५।६	२९।४६	३४।२५	३९।२३	४४।४४	५०।६	५५।६	५९।४६	४
५	४।३४	९।३३	१४।५४	२०।१६	२५।१६	२९।५५	३४।३४	३९।३३	४४।५४	५०।१६	५५।१६	५९।५५	५
६	४।४४	९।४३	१५।५	२०।२७	२५।२६	३०।४	३४।४४	३९।४३	४५।५	५०।२७	५५।२६	०।४	६
